आज मिती २०७६ साल असार महिनाको ३१ गते विहान ७ वजेका दिन हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख श्री जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारीज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य (वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महम्द हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |

मिति २०७७।०३।३१

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. नगर पार्श्व चित्र (नगर प्रोफाइल) को रकम भुक्तानी सम्बन्धमा ।
२. शशर्त अनुदानको प्राविधिक धारको प्रयोगशाला व्यवस्थापन अनुदान रकम सम्बन्धमा ।
३. विभिन्न योजना कार्यक्रम,कोटेशन तथा सामाग्री खरिदको रकम भुक्तानी सम्बन्धमा ।

**निर्णय नं. १**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको नगर पार्श्व चित्र ( नगर प्रोफाइल) को भुक्तानी सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७६।०७७ को नगर प्रोफाइल कार्यक्रम अन्तर्गत नगर पार्श्व चित्र (प्रोपलाइल) बनाउनको लागि वि.एम. इन्जीनिरिंग सोलुसन काठमाण्डौको टेक्नीकल तथा रु १९७४११०। (उन्नाइस लाख चौहत्तर हजार एक सय दश)को आर्थिक प्रस्ताव स्वीर्कत भइ निज परामर्शदाता सँग मिति २०७६।०९।१० गते २०७७।०२।१० गते भित्र कार्य सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएको । सम्झौता अनुसार नगर पार्श्व चित्रको कार्य TOR र नगर वस्तुस्थिति तयार कार्यविधि २०७५ अनुसार निज परामर्शदाताले हुवहु डिजिटल विधि प्रयोग गरी तयार गरेर यस नगरपालिकामा डाफ्ट प्रतिवेदन बुझाइ जनप्रतिनिधी तथा समाजका गन्यमान्यहरु विच प्रस्तुत गरेर राय सुझाव संकलन गरी पुन अन्तिम प्रतिवेदन तयार गरी जनप्रतिनीधि पदाधिकारी सर्वसाधारण विच प्रस्तुत गरेको प्रत्येक वडामा स्वीकृती लिई वडाको वस्तु स्थिति तथ्यांक संकलन गरी राखेको र नगर प्रोफाइलमा चाहिने अभिलेखको तथ्यांक अभिलेखीकरण गरेको र विस्तृत प्रतिवेदन पटक पटक प्रस्तुतीकरण गरी जनप्रतिनीधि तथा सर्वसाधारणको सल्लाह सुझावको चित्त वुझाएको । निज परामर्शदाताले हरिपुर नगरपालिकाको नगर पार्श्वचित्र नगर प्रोफाइल २०७७ अन्तिम प्रतिवेदन हरिपुर नगरपालिकालाई बुझाएको हुँदा प्रथम प्रारम्भीक प्रतिवेदन बुझाए वापत ३० प्रतिशत रु. ५,९२,२३३।०० भुक्तानी भएको रकम कट्टा गरी सम्झौता अनुसार दोस्रो ३० प्रतिशत र अन्तिममा ४० प्रतिशत रकम समेत गरी बाँकी रहेको ७० प्रतिशतको रकम रु. १३,८१,८७७।०० वि.एम. इन्जीनिरिंग सोलुसन प्रा लि काठमाण्डौंलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २**

आजको कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएका प्राविधिक धार तर्फको महावीर जनता माध्यमीक विद्यालय हरिपुरको ल्याव व्यवस्थापन अनुदान रकम सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकामा गत आ.व. २०७६।०३।३१ गते ढिलो गरी प्राविधिकधार तर्फको ल्याव अनुदान शिर्षकमा एकमुष्ट रकम रु ५१,९२,०००।०० रकम यस नगरपालिकाको संचित कोषमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र शैक्षिक प्रविधि शाखा सानो ठिमी भक्तपुरबाट निकासा प्राप्त भएको र असारको ३१ गते ढिला गरी प्राप्त भएको कारणले गत आर्थिक वर्षमा खर्च लेखन नसकिएको र शैक्षिक प्रविधि शाखामा जाँदाबुझ गर्दा एक पटक दिने अनुदान वित्तिय हस्तान्तरण मार्फत यस नगरपालिकालाई प्राप्त भएको र उक्त अनुदान रकम विद्यालयमा निकासा दिंदा फरक नपर्ने भनि बुझीन आएकोले उक्त रकम महावीर जनता माध्यमीक विद्यालय हरिपुरलाई प्राविधिक धार तर्फको ल्याव अनुदान वापत एकमुष्ट रकम रु. ५१,९२,०००।०० निकासा पठाइ सकिएको र चालु आव ०७६।०७७ मा कोष तथा लेखा नियन्त्रण कार्यालयले निकासा दिंदा वितिय समानीकरणको निकासामा उक्त रकम कट्टा गरेको तर पुन यसै शिर्षकमा थप निकासा प्राप्त भएकाले गर्दा हाल यस नगरपालिले उक्त रकम महाविर जनता माविलाई निकासा पठाइ सकेकोले सोधभर्ना निकासा स्वरुप हिसाव मिलानको लागी विद्यालयको नाममा खर्च लेखी सापटी सोध भर्ना गरी नगरपालिकाको समानीकरणको रकमको सोध भर्ना मानी आन्तरिक अनुदान खातामा आम्दानी वाँध्ने निर्णय गरियो ।

मिति २०७७।०३।३१

**निर्णय नं. ३**

यस कार्यापालिकाको आजको वैठकको कार्यसूचीमा चढी निर्णयका लागी पेश भएको विभिन्न योजना कार्यक्रम,कोटेशन तथा सामाग्री खरिदको रकम भुक्तानी सम्बन्धी प्रस्तावमा छलफल गर्दा देहाय वमोजिमको योजना ,कार्यक्रम ,तालिम, औषधि खरिद ,कार्यालय सामाग्री खरिद तथा कोटेशनको खरिद आदिको रकम भुक्तानी सम्वन्धमा यस कार्यपालिकाको वैठकमा प्रस्ताव गरे अनुसार यस वैठकमा कमश: छलफल गर्दा नगरपालिकाबाट भएका देहायका खरिदको काम मनासिव देखिएकोले सवै खर्चहरु वास्तविक र जायज भएकाले यी खर्चहरु स्वीकृत गरी भुक्तानी गर्ने निर्णय गरियो ।

| सि.न. | कार्यक्रमको नाम | भुक्तानी लिनेको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | तराइ मधेश समृद्धि कार्यक्रम | महाविर जनता वहुमुखी क्याम्पस हरिपुर | १०५०३३० | |
| २ | सिप विकास तालिम | सिप विकास समिति हरिपुर | ३४३९५ | |
| ३ | फर्निचर खरिद | एम्वीसन इन्टरनेशनल वानेश्वर काठमाण्डौ | ४९२५६७. | आधारभूत स्वास्थ्य केन्द्र संचालन कार्यक्रमको खर्च |
| ४ | औषधि खरिद | पर्ल मेडिकल प्रा लि भरपुर | ४९२०२८ | |
| ५ | औषधि खरिद | किसव फर्मा भरतपुर चितवन | ३७६४०० | |
| ६ | मेशिनरी औजार उपकरण | मेडी हेल्थ काठमाण्डौ | २६९९५.७० | |
| ७ | मेशिनरी औजार उपकरण | मेडी हेल्थ काठमाण्डौ | २००००० | |
| ८ | मेशिनरी औजार उपकरण | भीम सर्जिकल कामठमाण्डौ | ३१४९१५ | |
| ९ | घीउ खरिद | वेस्ट हेल्थ केयर प्रा लि हरिपुर सर्लाही | ३००००० | युनिसेफको पोषण कार्यक्रम |
| १० | व्याग खरिद | नमन ट्रेड मलंगवा | ३००००० | |
| ११ | नगरपालिका हल पार्टीशन | रुपेश कन्स्कट्सन हरिपुर: | ३९५२९६ | |
| १२ | वडा नं. ७ मा हनुमान मन्दिर निर नाला निर्माण | श्री लक्ष्मी नारायण महादेव निर्माण सेवा | ४८१२३८.७५ | |
| | | जम्मा: | ४४६४१६५.४५ | |